**बैठक संख्या : ६६**

आज मिति २०७७/०३/०३ गते .......... बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र निम्न अनुसारको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष २ | |
| ५ | श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष ५ | |
| ८ | श्री रामदिनेश यादव | वडा अध्यक्ष ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय | वडा अध्यक्ष १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | महिला सदस्य | |
| १६ | श्री सबिता धिमिरे | महिला सदस्य | |
| १७ | श्री प्रेमा देवी कोरी | महिला सदस्य | |
| १८ | श्री उर्मिला कोरी | महिला सदस्य | |
| १९ | श्री पुष्पा थारु | महिला सदस्य | |
| २० | श्री इन्सान अलि धुनिया | दलित अल्पसंख्यक | |
| २१ | श्री सिताराम धोवी | दलित अल्पसंख्यक | |
| २२ | श्री रामधनी बढई | दलित अल्पसंख्यक | |
| २३ | श्री हरिप्रसाद ज्ञवाली | नि. प्रमुख प्रशासकीय अधिकृत | |

## प्रस्तावहरु

१. सातौं नगर सभा तयारी छलफल सम्बन्धमा |

२. विविध |

## निर्णयहरु

### निर्णय नं. १

**सातौ नगरसभा सम्पन्न गर्नको लागि तयार पारिएको कार्यतालिका**

| क्र.सं. | कार्यक्रम | मिति |
|---|---|---|
| १ | विषयगत समिति नीति तथा कार्यक्रम छलफल । | २०७७/०३/६ र ७ गते |
| २ | कार्यपालिका बैठक बस्ने । | २०७७/०३/८ गते |
| ३ | नगर सभाको पहिलो बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने । | २०७७/०३/१० गते |
| ४ | वडागत योजना नगरपालिकामा पेश गर्ने । | २०७७/०३/८ गते |
| ५ | विषयगत समितिको बैठक तथा छलफल । | २०७७/०३/१३ गते |
| ६ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक । | २०७७/०३/१६ गते |
| ७ | बार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्न कार्यपालिकाको बैठक । | २०७७/०३/१९ गते |

## विविध

१. आ.व. २०७६/०७७ को संशोधित बजेट तथा कार्यक्रम अनुसार मर्मत संभार वडा नं. १ देखि १२ सम्मका लागि विनियोजित नब्बे लाख मध्येबाट हरेक वडाहरुमा सडक मर्मत संभारका लागि उपभोक्ता समिति मार्फत जनसहभागिता रहने गरि हरेक वडामा रु. चार लाख सम्मका कार्यक्रमको संचालन गर्ने निर्णय गरियो ।

२. जिल्ला प्रशासन कार्यालय कपिलवस्तुको च.नं. १९५५ मिति २०७७/०२/२६ गतेको पत्रानुसार कपिलवस्तु जिल्लामा कोभिड-१९ प्रयोगशाला स्थापना गर्न स्थानीय तहहरुबाट रु. ६,००,०००/- (छ लाख) का दरले सहयोग गर्ने भनि मिति २०७७/०२/२६ मा कोभिड-१९ संग सम्बन्धित बैठकको निर्णयानुसार यस कपिलवस्तु नगरपालिकाबाट स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट रकम रु. ६,००,०००/- (छ लाख) राष्ट्रिय बाणिज्य बैक तौलिहवा शाखाको खाता नं. ३११०२०७०००७०१ मा जम्मा गर्ने निर्णय गरियो ।

३. आ.व. २०७६/०७७ को स्वीकृत कार्यक्रम अनुसार सशर्त अनुदान तर्फ विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदानबाट खर्च हुने गरि कपिलवस्तु नगरपालिका वडा नं. ७ मा संचालित श्री नारायण प्रा.वि. भवन निर्माणका लागि स्थानीय तहबाट थप गरिएको रकम रु. ५ लाख सोही आ.व. को संशोधित बजेट तथा कार्यक्रम अनुसार अधुरो विद्यालय भवन निर्माणमा विनियोजित रकमबाट उपलब्ध गराउने निर्णय गरियो ।

४. कपिलवस्तु नगरपालिकाका सम्पूर्ण सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको देहाय अनुसारका तलब कट्टा गरि स्थानीय तहको प्रकोप व्यवस्थापन कोषमा सहयोग स्वरुप जम्मा गर्ने निर्णय गरियो ।

| क्र.सं. | तह | दिन |
|---|---|---|
| १ | माध्यमिक तह | ५ दिन |
| २ | निम्न माध्यमिक र प्राथमिक तह | ३ दिन |

५. कपिलवस्तु नगरपालिकाको आ.व. २०७६/७७ मा संचालित भौतिक पूर्वाधार निर्माण योजनाहरुमा पि.सि.सि. ढलान गर्दा १५ लाख भन्दा माथिका योजनाहरुमा मात्र रेडिमिक्सबाट पि.सि.सि. ढलान गर्ने निर्णय गरियो ।

६. यस नगरपालिका क्षेत्र भित्र पर्ने बाणगंगा खोलाको विभिन्न नाकाहरुबाट नदीजन्य पदार्थ उत्खनन तथा संकलनको लागि विगतमा भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिबेदनको म्याद सम्पन्न भइसकेको अवस्थामा अगामी आ.व.हरुको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिबेदन तयार गर्नको लागि यस कार्यालयबाट तयार गरिएको कार्य सूची (ToR) जिल्ला अनुगमन तथा समन्वय समितिमा स्वीकृतिको लागि पठाउने निर्णय गरियो ।